




## पृष्ठभुमि

परियोजनाले ओगट्ने दुई जिल्ला जुम्ला र मुगु नेपालकै दुर्गम कर्णाली अञ्चलमा पर्दछन् । कर्णाली अञ्चल नेपालको सबै भन्दा ठूलो अञ्चल जसले २१,३५१ वर्ग कि.मी. (करिब नेपालको कुल भू-भागको १५ प्रतिशत) ठाउँ ओगट्छ । यो क्षेत्र आर्थिक हिसाबले गरिबका साथै पिछडिएको क्षेत्र हो । जहाँ मोटर बाटोको पहुचँ अझै पनि टाढा छ । कर्णाली अञ्चलको ४५ प्रतिशत भू-भाग ४५ सय मी. भन्दा वढी उचाईमा अवस्थित छ भने ४७ प्रतिशत भू-भाग २५ सय मी. भन्दा माथि छ । यस दुर्गम तथा कम विकसित हिमाली क्षेत्र नेपालकै मानवबिकास सूचांकमा पुछारमा परेको छ । साथ-साथै राज्यले यो क्षेत्रलाई बिकासको मूलप्रवाहमा समाहित गर्न चासो समेत देखाएको छैन् । मानवबिकास सूचांकलाई आधार मानि हेर्दा कर्णाली अञ्चल नेपालको १४ अञ्चल मध्य पुछारमा अवस्थित छ । कर्णाली क्षेत्रमा निरन्तर खाद्य संकटको भयावह अवस्था छ । यस क्षेत्रका स्थानिय बासिन्दा तथा स्थानिय निकायहरूले यहाँ उत्पन्न समस्या समाधान गर्न अझै पनि सकिरहेका छैनन् । यहाँको न्यून उत्पादन तथा उत्पादकत्व, भौतिक पुर्वाधारहरूको अभाव तथा आन्तरिक विस्थापितहरूको गाउँ फर्क अभियानले गर्दा यहाँ अझै आर्थिक एवं सामाजिक समस्याहरू विद्यमान छन् । साथै भोकमरिको चपेटामा रूमल्लिरहेका छन् । देशमा चलेको आन्तिरिक द्वन्द्वका क्रममा यो क्षेत्रमा परम्परागत खेती प्रणालीमा प्रत्यक्ष असर परेको देखिन्छ । मानिसमा खेती गर्नु पर्छ भन्ने भावना नै हराउदै गएको छ भने मानिसको खानपिनमा समेत परिर्वतन आएको छ । खाद्य संकट टार्ने उद्देश्यले विभिन्न संघ संस्था र सरकारी निकायमार्फत चामल जस्ता खाद्यान्न सहयोग वितरण गर्ने बानी परेकाले र बर्तमान अवस्थामा यहाँको भू-बनौट सुहाउँदो परम्परागत बालीहरू जस्तैः कोदो, चिनो, कागुनो, फापर, गहुँ र आलु आदी जस्ताको उत्पादन घट्दै गएको छ । जसले गर्दा यी क्षेत्रहरूमा स्थायी तवरले नै खाद्य संकट रहने र परम्परागत खेती नै लोप हुने अवस्था सिर्जना भएको छ ।

**लक्षित समुदाय :-** यस परियोजनावाट कर्णाली क्षेत्रका जुम्ला र मुगु जिल्लाका १२ गाविस बाट करिव १२ सय घरधुरीहरू जसमा करिब ६ हजार जनसंख्याले प्रत्क्षय फाईदा प्राप्त गर्ने छन् । ति घरधुरीहरूमा द्वन्द्व प्रभावित, आन्तरिक विस्थापित, पछाडीपारिएका समुदायहरू, विभिन्न प्रकोपहरूबाट पिडित तथा आर्थिक हिसाबले विपन्न परिवारहरू पर्दछन् ।

**परियोजनाले ओगटेको क्षेत्र (गाविसहरू) :- जुम्ला जिल्ला:** घोडेमहादेव, ताम्ती, रार ालिहि, महावैपाथरखोला, कालिकाखेतु, तातोपानी, बुम्रमाडिचौर र मालिकावोता गाविसहरू ।

**मुगु जिल्ला:** रोवा, रूगा, सेरी र खमाले गाविसहरू ।

**परियोजनाको प्रकृति:-** यस परियोजनाले खाद्य असुरक्षाको मारबाट पिडित घरपरिवारलाई सिप विकास गरि खाद्य सुरक्षाको प्रत्याभुति गराउनु हो ।

**परियोजनाको प्रभाव तथा असर :-** यस परियोजनाले खाद्य असुरक्षामा रहेका परिवारहरूलाई खाद्य सुरक्षाको प्रत्याभुति गराउने छ साथै प्रकोपको जोखिमवाट समेत सचेत गराउने छ ।

**परियोजनको लक्ष्य :-** मुगु र जुम्ला जिल्लामा रहेका गरिव तथा सिमान्तकृत परिवारहरूको खाद्य सुरक्षाको सुनिश्चित गर्नु हो ।

**मुख्य उद्धेश्य :-** जुम्ला र मुगु जिल्लाको १२ गाविसका लक्षित समुहको सामाजिक आर्थिक अवस्थामा सुधार ल्याउनु हो ।

**लक्षित उद्धेश्यहरू :-** - विभिन्न दिगो जिविकोपार्जनका अवसरहरू सिर्जना गरी गरिबको आर्थिक स्तर उकास्ने एवं खाद्य सुरक्षा प्रत्याभूति गर्ने ।

- कृषी, पशुपालन, फलफूल तथा जडिबुटी उत्पादन सम्वन्धी सिप र क्षमता अभिवृद्धि गर्ने ।
- स्थानिय स्तरमा विभिन्न व्यवसायहरू संचालन गर्न र गराउन प्रोत्साहन गर्ने ।
- समुदाय स्तरमा सामुदायीक संरचना निर्माण गर्ने र तिनीहरूलाई मजबुद बनाउदै विभिन्न सरोकारवाला संघ संस्थासँग सम्बन्ध स्थापना गराउने ।
- १२ वटै गाविसका मानिसहरूलाई प्रकृतिको विनासका बारेमा तथा यसबाट पर्ने असरका बारेमा जनचेतना जगाई वातावरणमैत्री व्यवहार विकास गर्ने ।
- समुदाय स्तरमा भू-क्षय तथा बाडिपैरोबाट बच्न वृक्षारोपण सम्बन्धी जनचेतना जगाई प्रकोपको पूर्वतयारीमा सूधार ल्याउने ।

**परियोजना अवधि :-** ३० महिना (जुलाई १, २०१२ देखि डिसेम्वर ३०, २०१४)

**परियोजनाका मुख्य उपलब्धि तथा परिणाम:**

१. स्थानिय संरचनाको रूपमा सामुदायिक समुहहरू तथा सहकारीहरू निर्माण भएका हुनेछन् । जसले गर्दा उनीहरू सक्रियतवरले स्थानिय स्रोत साधनको उचित प्रयोग गर्ने छन् साथै आफ्ना समस्या समुदाय स्तरमा नै समाधान गर्न सफल हुने छन् ।
२. संस्थागत विकास तथा क्षमता वृद्धि भएको हुनेछ ।
३. सामाजिक समुह संजाल तथा सहकारीको निर्माण तथा परिचालन ।
४. चेतनामूलक कार्यक्रमहरूमा तालिम कार्यशाला गोष्ठी आदी ।
५. क्षमता अभिवृद्धि गतिविधिहरूमा समुहका सदस्यहरूलाई विभिन्न तालिमहरू तथा अवलोकन भ्रमण ।

**समुन्नत एवं खाद्य सुरक्षित कर्णालीको लागि परम्परागत बालीको प्रवर्द्धन तथा आय आर्जनका लागि जडीवुटी तथा व्यवसायीक खेतीमा अग्रसर बनौ ।**

## अभिमुखिकरण तथा पैरवी

१. स्थानिय स्तरमा छलफल तथा भ्रमण एवं अन्तक्रिया कार्यक्रम ।
२. समुदाय, समुदायका प्रतिनिधि तथा सहकारीका सदस्यहरूको सरोकारवाला संघ संस्थासँग अन्तरक्रिया गराई तिनीहरू विच सम्वन्ध स्थापना ।
२. जिविकोपार्जनमा सुधार गर्ने तथा खाद्य सुरक्षाको स्थिति मजवुत गराउने ।
३. यहाँका समुदायहरू वातावरण विनास प्रति सचेत हुने छन् र त्यवाट पर्ने जोखिमहरू थाहा पाई बच्ने विभिन्न उपायहरू अवलम्वन गरेको हुनेछन् ।
४. जोखिम पहिचान र त्यसप्रति सचेत रहन स्थानिय समुदाय तथा नेताहरूलाई सचेत बनाउने, पूर्व-सूचना दिने व्यवस्था तथा पूर्व जोखिम पहिचान गरेको हुनेछन् ।

## जोखिम न्यूनिकरणका उपायहरू

१. प्रकोप न्यूनिकरण गर्न बाढिपहिरोले क्षतिपुऱ्याएको ठाउमा विभिन्न प्रकारका फलफूल तथा रूखहरू रोप्ने ।
२. साना तथा थोरै लगानीमा प्रकोप नियन्त्रणका विविध उपायहरू अपनाउने जस्तैः बोरा भर्ने, जैबिक तथा तारका जाली भर्ने ।

## परियोजनाको दिगोपना

यस परियोजनाले आफ्नो अवधिभर यस परियोजना अन्तरगत पर्ने सम्पूर्ण सदस्यहरूलाई सहभागीमूलक तरिकाबाट सक्रिय बनाउनेछ नकि निष्कृयभई सेवाप्रप्त गरिरहने भूमिकाबाट टाढाबनाउने छ । खाद्य असुरक्षाको जोखिमवाट छुटाउन विभिन्न तालिम तथा क्षमता अभिवृद्धि गरेको हुनेछ । तसर्थ स्थानिय व्यक्तिको अग्रसरमा आर्थिक अवस्थामा परिर्वतन गराएमा मात्र आर्थिकरूपमा सफलता प्राप्त गर्नेछन् । यस परियोजनाको एक महत्वपूर्ण रणनीति भनेको स्थानिय स्तरमा सामुदायिक संस्था र त्यसलाई विस्तार गरि सहकारीको रूपमा अगाडी वढाउने लक्ष राखेको हुनाले यसले हाम्रो परियोजनालाई दिगो रूपमा अगाडी वढाउन मद्दतपुग्नेछ ।


**सम्पर्कको लागि**

साझेदारी सहयोग केन्द्र, नेपाल
बिजयनगर जुम्ला
फोन नं. :- ९७७-८७-५२०२४१, फयाक्स:- ९७७-८७-५२०२४१,
इमेल:- info@pacenepal.org, वेवसाइट:- www.pacenepal.org




**साझेदारी सहयोग केन्द्र नेपाल**

*परिवर्तनका लागि सहकार्य ...*



# जुम्ला र मुगु जिल्लाका लागि खाद्य सुरक्षा प्रकोप न्यूनिकरण र शान्ति स्थापना परियोजना

**साझेदारी संस्थाहरू**

COOPERATION NEPAL GERMANY

caritas Germany

CARITAS NEPAL

**आयोजक संस्था**

PACE-NEPAL ...Together For Social Change










***Background:***
The two target districts, Jumla and Mugu, lie in the remote Karnali Zone, which is the largest zone in Nepal covering 21,351 sq km (about 15% of total area of Nepal). It is the poorest and the most backward region of Nepal and is not very accessible by road. Most of Karnali is unpopulated as 45% of its territory is located at an altitude above 4500 m and 47% is above 2500 m. This remote and little developed mountainous region is characterized by one of the lowest human development index and is neglected from the mainstream national development. The HDI and HPI figure shows Karnali zone at the bottom among 14 zones of Nepal.
It is characterized by chronic food shortage. The village communities and local government (VDC) in this region are not in a position to cope adequately with the social and economic problems arising from the various reasons such as low production and productivity, lack of infrastructures, return of internally displaced persons, etc.
Due to the neglect of traditional agriculture during the armed conflict in addition to this the changing eating habits of the population, which due to years of supply of rice in food aid often refrained from cultivating their own crops with traditional crops (millet, potatoes, corn, wheat, etc.) again. This has led to a permanent food shortage throughout the region, with the former growing areas now mostly abandoned and agricultural knowledge lost.
***Target Beneficiaries:*** The direct beneficiaries are 1,200 families covering a population about 6,000 persons in 12 VDCs in 2 districts, Jumla and Mugu, in Karnali Zone. All those families are conflict affected, IDPs, minority communities, vulnerable duet to the kinds of disasters and poorest of the poor.
***Project Coverage Areas:*** 8 VDCs of Jumla District (Ghode Mahadev, Tamti, Raralihi, Mahabe Pathar Khola, Kalikakhetu, Tatopani, Buvramandi Chaur and Malikthota VDCs.
***4 VDCs of Mugu District :*** Rowa, Ruga, Khamale and Seri VDCs.
***Nature of the project:*** The project will mainly contribute towards enhancing the skills of the poor food insecure vulnerable communities to ensure food security.
***Effectiveness and impact of the project:*** The project is aimed at achieving food security to the people and communities who are food insecure and vulnerable to disasters.
***Project Goal:*** Ensure food security to the poor and marginalized communities of Mugu and Jumla districts of Nepal.
***Overall Objective:*** To improve socio-economic conditions of the targeted communities of 12 VDCS of Mugu and Jumla districts.
***Specific Objectives:***
- To improve food security of the poor by economically empowering them through ex ploring various sustainable livelihood options.
- To enhance the capacities and skills of the communities in the areas of agriculture, animal hus bandry and orchard management of development.
- Local enterprises are established and various enterprise activities undertaken.
- Local institutions are developed and strengthened and are working in coordination with the local communities, government line-agencies and other stakeholders to channelize resources into the communities.
- The people in the 12 VDCs are aware of environment degradation and related haz ards, their trends and changes leading to more environment friendly practices.
- To improve disaster preparedness of the communities through plantations, awareness activities and small structural landslides mitigation measures.

**Project Duration:** *30 months (1st July 2012 to 30th Dec. 2014)*
***Core Results of the Project:***
I. ***Local institutions in the form of community groups, networks or cooperatives are developed and actively involved in identifying and mobilizing local and other available resources.***
- Institutional development and capacity building.
- Formation and mobilization of community groups and networks/cooperatives.
- Awareness activities: trainings and workshops.
- Capacity building activities: capacity building trainings to group members and lead ers and exposures visits.
- Advocacy and Lobby:
- Local exchange visits among groups, exposures;
- Interactions of communities, groups and network members with representatives of local government and non-government line-agencies;

***II. Improved livelihood and increased food security.***

**Towards a Future without Poverty**
ıoting Traditional Crops for Food Security In Jumla and Mugu Districts Of Karnali Region of Nepal.

***III. Communities are aware of environment degradation and the related hazards and have assessed their risks and implemented coping and innovative mitigation and preparedness practices that protect their lives, livelihoods and resources.***
- Preparedness measures: sensitization of local communities and leaders; early warning: identifying early warning signs;

Mitigation measures:
- Plantation (fruits such as apple and peaches and fodder trees) and vegetation activities on barren lands;
- Support for small low-cost mitigation technologies such as spurs, sand bag and gabion box filling, etc.

Sustainability of the Project:
This program which employs participatory approach aims at including community people throughout the project cycle as active agents rather than passive recipient of services. The project will develop and enhance the capacities of the people and empower them to combat food insecurity collectively. Thus the approach of. Empowering the communities is a sustainable approach as it empowers the people to work for their own benefit.
An important strategy for the proposed project is the development of local institutions and structures such as local CBOs and cooperatives which will be basis for longer-term sustainability of the results.

**For the Information**
Please write to:
Partnership Aid Centre Nepal(PACE-Nepal)
Bijayanagar Jumla
+977-87520241
info@pacenepal.org
www.pacenepal.org



**PACE-NEPAL**
Partnership Aid Centre Nepal, Jumla
*......Working together for change*



# Integrated Project for Food Security, Disaster Prevention and Peace Building in the Districts of Jumla and Mugu

Collabrative Partners    Implementing Partner

COOPERATION NEPAL GERMANY

caritas Germany

CARITAS NEPAL

PACE-NEPAL ...Together For Social Change